तिनाउ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दोभान,पाल्पा ५ नम्बर प्रदेश, नेपाल

## विद्युत पोल खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशनमिति : २०७५/०५/०२ गते

सूचना नं. : ०३/२०७५/०७६

यस कार्यालयको लागी आवश्यक विद्युत पोल खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त फर्म/कम्पनी/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फाराम सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर (VAT), स्थायी लेखा नम्बर (PAN) र आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी र वोलपत्र दस्तुर रु.३०००।- (तिनहजार मात्र) निवेदन साथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मिती देखी ३० औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२) खरिद गरिएका बोलपत्र फाराम हरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनु पर्नेछ।

३) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, पाल्पा शाखामा रहेको धरौटी खाता नं. ००३०३०३०००७१०९ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त “क” श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ।

४) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्र दाता हरु वा निजको प्रतिनिधि हरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ। फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६) विद्युत पोलको स्पेशिफिकेशन र बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।अन्य कुराहरु स्थानिय निकाय आ.प्र.नियमावली, २०६४ र प्रचलित अन्य ऐन नियमानुसार हुनेछन्।

७) बोलपत्र सम्बन्धी थप जानकारीका लागी तिनाउ, गाँउपालिकाको कार्यालय तथा मोबाइल नं.९८५७६५००२०/०७५-४१३०६४मा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | कामको विवरण | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०३/२०७५/०७६ | Supply & Delivery Of Fully Galvanized Steel Tubular Poles. | २५० (दुई सय पचास वटा) | ३,०००/- | १,३५,५००।०० |

...............................

प्रमूख प्रशासकिय अधिकृत

तिनाउ गाउँपालिका